बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : १६९ ॥ २०७९ श्रावण १२ गते बिहिबार (28th Jul 2022 Thursday) **Pratidin** National Daily dNo-?÷%÷-

## एसईईको नतिजा खस्कियो, उच्च जीपीए ल्याउने घटे




झापा , साउन ११ । माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजा बुधबार सार्वजनिक भएको छ । यस वर्षको नतिजा सन्तोषजनक भने देखिएन । शैक्षिकसत्र २०७५ को तुलनामा यो पटकको नतिजा खस्किएको हो ।

२०७६ र ०७७ मा भने राष्ट्रिय परीक्षा बोर्डले आन्तरिक मूल्यांकनका आधारमा विद्यार्थीको नतिजा प्रमाणित गरेको थियो। शैक्षिकसत्र २०७५ मा परीक्षा दिएका मध्ये ३.८३ प्रतिशतले उच्च जीपीए (३.६देखि ४.०) ल्याएका थिए। यो पटक भने परीक्षा दिएका कूल विद्यार्थीमध्ये १.९४ प्रतिशतले ३.६ देखि ४.० जीपीए ल्याएका छन्। राष्ट्रिय परीक्षा बोर्डका अनुसार ९ हजार ६ सय ३३ जनाले उच्च जीपीए ल्याएका हुन्। यसरी हेर्दा नतिजा १.८८ प्रतिशतले खस्किएको छ।

यस्तै शैक्षिकसत्र २०७५ मा परीक्षा दिएका मध्ये ११.१३ प्रतिशतले ३.२ देखि ३.६ जीपीए ल्याएका थिए। यो पटक परीक्षा दिएका कुल विद्यार्थीमध्ये ८.४० प्रतिशतले ३.२ देखि ३.६ जीपीए ल्याएका छन्। यसरी हेर्दा शैक्षिकसत्र २०७५ को तुलनामा यो वर्ष ३.२ देखि ३.६ जीपीए ल्याउने परीक्षार्थीको संख्या २.७४ प्रतिशतले घटेको छ।

प्रदेशगत रुपमा एसईई नतिजा सार्वजनिक गरिएको हो। बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले शैक्षिकसत्र २०७६ र २०७७ को परीक्षाको अवधिमा भौतिक उपस्थितिसहित परीक्षा नभएका कारण मूल्यांकनको आधार नबनाइएको बताए। उनले भने, 'नतिजा सन्तोषजनक छ । यसअघि २०७६ र ०७७ मा भने राष्ट्रिय परीक्षा बोर्डले आन्तरिक मूल्यांकनका आधारमा विद्यार्थीको नतिजा प्रमाणित गरेको थियो।'

०.८ देखि १.२ ग्रेड ल्याउनेले प्राविधिक शिक्षा अध्ययन गर्न पाउनेछन्। यस्तै सो ग्रेड ल्याउनेले पुरक परीक्षा पनि दिन पाउने व्यवस्था छ। बोर्डका सदस्य सचिव अर्यालका अनुसार परीक्षा फर्म भरेकामध्ये २२ हजार ६ सय ४० परीक्षार्थी अनुपस्थित भएका छन्। ३ हजार २८० विद्यार्थीले ०.८ देखि १.२ जीपीए ल्याएका छन्।

त्यस्तै १.२ देखि १.६ जीपीए ल्याउने विद्यार्थीको संख्या ४४ हजार ५८६ रहेको छ भने १.६ देखि २.० जीपीए ल्याउने विद्यार्थीको संख्या १ लाख ५९४ रहेको छ । यस्तै २.० देखि २.४ जीपीए एक लाख १२ हजार ७३३, २.४ देखि २.८ जीपीए ल्याउने विद्यार्थीको संख्या ९० हजार ५९८ जना रहेको छ। यस्तै ६९ हजार विद्यार्थीले २.८ देखि ३.२ जीपीए ल्याएका छन् भने ३.२ देखि ३.६ जीपीए ल्याउने विद्यार्थीको संख्या ४१ हजार ६२७ रहेको छ । ५ लाख १४ हजार ७ सय ६० जना विद्यार्थीले यो वर्ष देशभरका २७ सय परीक्षा केन्द्रबाट परीक्षा दिएका थिए। त्यसमध्ये जापानको १ परीक्षा केन्द्रबाट २० जना विद्यार्थीले एसईई दिएका छन् ।

यस वर्षको ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ९ हजार ६३३ रहेको छ । त्यस्तै ३.२ देखि ३.६ जीपीए ल्याउनेको संख्या ४१ हजार ६२७ रहेको परीक्षा बोर्डले जनाएको छ । झापामा यसवर्ष १६ हजार ३ सय ७९ जना परीक्षार्थीले एसईई दिएका थिए । नियमित धारतर्फ १५ हजार ७ सय २१ , ग्रेड बृद्धितर्फ ६५ र प्राविधिक धारतर्फ ५७४ जनाले एसईई दिएको शिक्षा समन्वय इकाई झापाले जनाएको छ । परीक्षा दिएका जिल्लाका परीक्षार्थीहरुको नतिजा आउन केही समय लाग्ने शाखा अधिकृत दुर्गेन्द्र न्यौपानेले बताए ।

## प्रदेश १ मा ४ सय ४७ कोरोनाका सक्रिय संक्रमित



विराटनगर । प्रदेश १ मा बुधबारसम्म ४ सय ४७ जना कोरोना संमक्रमित रहेको प्रदेश जनस्वास्थ्य महाशाखाले जनाएको छ । महाशाखाकी सूचना अधिकारी डा संगीता राईले संक्रमित मध्ये दुई जनाको आईसीयूमा राखेर उपचार भइरहेको बताइन् । पछिल्लो पटक प्रदेश १ मा कोरोनाबाट एक जनाको मृत्यु भएको र हालसम्म कोरोनाबाट २ हजार २ सय ६१ जनाले ज्यान गुमाएको महाशाखाको तथ्यांक छ । पछिल्लो पटक प्रदेश १ मा कोरोनाको प्रभाव मोरङ, सुनसरी र झापामा बढी छ । राईका अनुसार कोरोना संक्रमित प्रतिशत सयमा ४०

❖ बाँकी अन्तिम पृष्ठमा

## प्रदेश १ को नाम पहिचानकै आधारमा

बिर्तामोड(प्रस) । नेपाल आदिवासी जनजाति महासंघआबद्ध झापाका विभिन्न जातीय संस्थाका प्रतिनिधिले प्रदेश १ को नामकरण ऐतिहासिक पृष्ठभूमि र पहिचानको आधारमा हुनुपर्नेमा जोड दिएका छन् ।



उनीहरुले पहिचानबाहेक भूगोललगायतका नाम राखिए स्वीकार्य नहुने बताए । नेपाल आदिवासी जनजाति महासंघ झापाको संयोजन र संवाद समूह झापाको आयोजनामा बुधबार बिर्तामोडमा भएको छलफलमा सहभागीले नामकरण गर्दा पहिचानको विकल्प नभएको बताए । अधिकांशले प्रदेश १ को नाम किरात प्रदेश हुनुपर्नेमा जोड दिए ।

सहभागीमध्ये केहीले किरात-लिम्बुवान, कोच-किरात, लिम्बुवान, आदिवासी-जनजाति प्रदेश हुनुपर्ने समेत बताए । उनीहरुले नामको सन्दर्भमा फरक धारणा राखे पनि नाम पहिचानकै आधारमा हुनुपर्ने र सहमतिकै आधारमा तय गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरुले विवादरहित ढंगले पहिचानवादीको माग र भावना सम्बोधन हुनेगरी साझा सहमति तथा सबैले अपनत्व ग्रहण गर्न सक्नेगरी प्रदेश १ को नामकरण गर्न आग्रह समेत गरेका छन् ।

छलफलमा महासंघ झापाका अध्यक्ष भरतकुमार श्रेष्ठ, महासंघ जिल्ला उपाध्यक्ष पाण्डवलाल चौधरी, सचिव बिरेन मेचे, सहसचिव रोहित खवास, सदस्यहरु अम्बरबहादुर कुमाल, पदमबहादुर तामाङ, किरात याक्थुङ चुम्लुङ झापाका अध्यक्ष सेसेहाङ फियाक लिम्बू, नेपाल तामाङ घेदुङ जिल्ला अध्यक्ष काजीमान घिसिङ, ताजपुरिया समाज कल्याण परिषदका महासचिव हरदेवप्रसाद ताजपुरिया, नेवाः देयू देवु झापाका वरिष्ठ उपाध्यक्ष तिलरुपा श्रेष्ठ, किरात राई यायोक्खा जिल्ला सचिव केवलराम राई, आदिवासी जनजाति महासंघ अर्जुनधाराका अध्यक्ष जगतबहादुर मगर, महासंघ कनकाई नगर अध्यक्ष लक्ष्मण ज्वयल श्रेष्ठ, दावा छिरिङ शेर्पा, रघुनन्दन गणेश, महेन्द्र मगर, राजेन्द्र सुनुवारलगायतले प्रदेशको नामकरणको सन्दर्भमा साझा सहमतिका विभिन्न आधारसहित आफ्नो सुझाव प्रस्तुत गरेका थिए । किरात प्रदेशमा जोड दिनेले किरात पहिचान र सभ्यता दुबै भएको उल्लेख गरे ।

छ वटा प्रदेशले नाम पाइसक्दा प्रदेश १ को नामकरण नहुनु दुःखद् भएको बताउँदै उनीहरुले यथाशीघ्र नामकरणमा ध्यान दिन प्रदेश सरकार, प्रदेश सभा र राजनीतिक दलको ध्यानाकर्षण समेत गराएका छन् । प्रदेशको नामकरणपछि संवैधानिक व्यवस्था अनुसार पहिचानवादीहरुको भावना सम्बोधन र अधिकार स्थापित गर्न स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र बनाउन पनि जोड दिएका छन् ।

## गठबन्धनले लुट मच्चायो - ओली

बिर्तामोड । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता गठबन्धनले देशमा लुट मच्चाइरहेको आरोप लगाएका छन् । नेपाली उत्पीडित जातीय मुक्ति समाजको अगुवा कार्यकर्ता प्रशिक्षणलाई बुधबार बिर्तामोडमा उद्घाटन गर्दै एमाले अध्यक्ष ओलीले लुट मच्चाउनेहरुलाई आगामी निर्वाचनबाट परास्त गरिने दावी गरे । उनले गठबन्धनवाला पार्टीलाई चुनावबाट कुनै पनि हालतमा पराजित गर्नैपर्नेमा जोड दिए । एमाले अध्यक्ष ओलीले गठबन्धनले देशमा मच्चाइरहेको लुट अन्त्य गर्न एमालेका सचेत कार्यकर्ताहरुलाई तल्लो तहसम्म तयारी रहन निर्देशन दिँदै गठबन्धनलाई परास्त गर्ने मौका भनेकै आगामी प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन भएको सुझाए । अध्यक्ष ओलीले निर्वाचनका लागि आवश्यक तयारी थाल्न नेता तथा कार्यकर्ताहरूलाई निर्देशन समेत दिए । सत्ता गठबन्धनले देशमा लुट मच्चाइरहेको आरोप लगाउँदै सत्ता गठबन्धनका पार्टीलाई जनता सजग भएर एकमुष्ठ पराजित गर्नुपर्ने ओलीको भनाई थियो ।



सत्ता गठबन्धनका पार्टीहरूले लोकतान्त्रिक मूल्य-मान्यताविपरित काम गरिरहेको उनको आरोप थियो । देशमा अनेकौं समस्या रहिरहेका बेला त्योभन्दा अझै ठूलो समस्याका रुपमा सत्ता गठबन्धनका पार्टीहरूका क्रियाकलाप रहेको उनको भनाइ थियो । बुधबार झापा आएका ओलीले चार दिन गृहजिल्लामा बिताउने छन् । मुक्ति समाजको कार्यक्रममा शुरुमा सहभागी जनाएका ओलीले दिनभर नेता कार्यकर्तासँग भेट गरेका थिए ।

यसैबीच प्रेस चौतारी आबद्ध पत्रकारसँगको भेटघाटमा ओलीले देश र जनताको पक्षमा निडर भएर कलम चलाउन पत्रकारहरुलाई आग्रह गरेका छन् । उनले देशमा असत्य, छलकपट र षडयन्त्र हावी हुँदै गएको दाबी गर्दै सत्यको पक्षमा लेख्न प्रेस जगतलाई आह्वान गरे ।

## जंगलमा युवकको शव



झापा(प्रस) । झापाको चारआली जंगलमा झुण्डिएको अवस्थामा एकजना युवकको शव फेला परेको छ ।

ताप्लेजुङको पाथीभरा याङवरक-३ तिरिङ्गे स्थायी घर भएका मनकुमार पौडेल झुण्डिएको अवस्थामा भेटिएका हुन् । बर्नेबाट सामान ल्याउन बिर्तामोड आएका पौडेल मंगलबार दिउँसो ३ बजेपछि सम्पर्कविहीन भएका थिए । साँझ ६ बजेसम्म घर नपुगेपछि उनको खोजी सुरु गरिएको थियो ।

राति ९ बजे चारआली जंगलमा उनी मृत भेटिएका हुन् । उनको साथमा रहेको पैसा, पर्स, सुनको सिक्री गायव छ । परिवारजनले पौडेलको हत्या भएको आंशका गर्दै छानविनको माग गरेका छन् । मृतकको शवलाई पोष्टमार्टमको लागि धरान पठाइएको छ ।

VACANCY ANNOUNCEMENT

Purna Tunga Birta City Hospital & Research Center, Birtamode-1, Jhapa announces Vacancy for the following posts.........

| Designations | Nos. | Qualification/Experience. |
| --- | --- | --- |
| Hospital Floor Manager | 02 | At least one year experience in same department /Bachlor degree in hospital Management |
| House Keeping | 02 | Bachlor or above with basic computer knowledge |
| Marketing Officer | 02 | BBA with computer knowlege |
| Health Assistant (HA) | 10 | Fresher's are encouraged |
| Staff Nurse | 10 | Fresher's are encouraged |
| Auxillary Nurse Midwife (ANM) | 10 | Fresher's are encouraged |
| CMA | 10 | Fresher's are encouraged |
| Non Medical staff | 05 | +2 or above with good communication skill |
| Public Reation officer | 01 | +2 or above with good communication skill and Computer Knowledge |

Interested Candidates are reuested to submit their C.V. on the following email address pt.birtacityhospital@gmail.com :WALK IN INTERVIEW

Contact No: 023-546580/544855/9862680000/9817923111

# मृत्यु भएका ७ मध्ये खोप नलगाएका ६ जना

झापा , साउन ११ । खोप नलिएका र जटिल दीर्घरोग भएकाहरूमा कोभिड संक्रमण घातक हुनुका साथै र मृत्युको जोखिम पनि बढी देखिएको छ ।
मंगलबार एकैदिन खोप नलिएका दुई जनाको संक्रमणका कारण मृत्यु भएको छ। योसँगै साउनयता कोरोनाबाट ७ जनाले ज्यान गुमाएका छन् । यी ७ जनामध्ये ६ जनाले खोप लगाएका थिएनन् भने अर्का एकले एक डोज मात्र लिएका थिए। उनी क्यान्सर, दम, उच्च रक्तचापजस्ता दीर्घरोगबाट भने ग्रस्त थिए। मंगलबार मृत्यु हुने ७२ वर्षीया महिलामा दीर्घरोगको समस्या थियो भने ५० वर्षीय पुरुषमा भने त्यस्तो समस्या थिएन। स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले पछिल्लो समय संक्रमणको



गतिमा तीव्रता आएको बताए। 'प्रारम्भिक विश्लेषणअनुसार खोप नलगाएकाहरूमा कोभिड कडा रूपमा प्रस्तुत भइरहेको छ भने मृत्युको जोखिम पनि उच्च देखिएको छ,' उनले भने। चिकित्सकहरूका अनुसार सामान्य स्वास्थ्य स्थिति भएका र आवश्यक मात्रामा खोप लिइसकेकाहरूमा भने लक्षण सामान्य देखिन्छ। मध्यम वा कडा लक्षण देखिए पनि त्यस्ता व्यक्ति केही दिनमै निको हुने गरेका छन्। स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले हाल आईसीयूमा भर्ना रहेका धेरैजसो दीर्घरोगी रहेको बताए। 'पूर्ण खोप र बुस्टर डोजसमेत लगाएका तथा सन्तुलित जीवनशैलीसँगै चिकित्सकीय सल्लाहमा औषधि लिइरहेका मधुमेह र उच्च रक्तचापका रोगीहरूलाई संक्रमण भए पनि बढी जटिलता देखिएको छैन,' उनले भने। वीर अस्पताल कोभिड युनिफाइड सेन्ट्रल हस्पिटलका उपनिर्देशक एवं वरिष्ठ छाती रोग विशेषज्ञ डा.प्रज्वल श्रेष्ठले पूर्ण खोप लिएका, सामान्य स्वास्थ्य भएका वा दीर्घकालीन रोग भए पनि नियमित औषधि सेवन गरिरहेकामा संक्रमण घातक नदेखिएको बताए। ' मंगलबार आईसीयूमा भर्ना रहेका ४८ देखि ७६ वर्षसम्मका १२ जना संक्रमित कुनै न कुनै दीर्घरोगी हुन्,' उनले भने, 'उनीहरूमध्ये धेरैजसोले पूर्ण मात्रा खोप लिएका छन्, त्यसैले भेन्टिलेटरमा राख्नुपर्ने अवस्था छैन।' मंगलबार ५ हजार ५५ जनाको परीक्षण गरिएकामा ६ सय ३८ जनामा संक्रमण पुष्टि भएको छ। सक्रिय संक्रमित ३ हजार ७ सय १४ जना छन्। हाल देशभरमा ३१ जना सघन उपचारमा छन्। यसमध्ये उपत्यकामा २५ जना आईसीयूमा र १ जना भेन्टिलेटरमा छन् भने प्रदेश १ मा ४ जना र सुदूरपश्चिममा १ जना आईसीयूमा छन्। स्वास्थ्य मन्त्रालयका अनुसार मंगलबारसम्म कुल जनसंख्याको ७०.४ प्रतिशतले पूर्ण र ७०.२ प्रतिशतले एक डोज खोप लगाएका छन्। यस्तै २४.७० प्रतिशत अर्थात् ७२ लाख १२ हजार ६ सय २२ जनाले बुस्टर डोज लिएका छन्।


## आवश्यकता

यस रेड पान्डा अटो प्रालिका लागि निम्न कर्मचारी आवश्यक भएकाले आफ्नो बायोडाटा सहित इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

**१. मार्केटिङ्ग मेनेजर संख्या : २ जना**

**( मोटरसाईकलको लाईसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता )**

**२. एकाउन्टेन्ट: १ जना**

**(एकाउन्ट तथा ट्याली वा सो सम्बन्धी जानकार भएको)**

**तलब : आपसी सम्झदारीमा**

मोटरसाइकल चलाउन जान्ने र अनुभवीलाई बिशेष प्राथमिकता।

विस्तृत जानकारीका लागि सम्पर्कः

**रेड पान्डा अटो प्रा.ली.**

बिर्तामोड, फोन नं. ९८०१५२२२७५,९८०१५२२२८४


## टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु

झापा, साउन ११ । झापामा टिपरको ठक्करबाट एकजना साइकलयात्रीको मृत्यु भएको छ। मृतक पाँचथर तुम्बेवा गाउँपालिका ५ बस्ने अन्दाजी १६ वर्षिय संजिप इम्सुङ लिम्बू भएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी बसन्त पाठकले जानकारी दिए।
प्रहरीका अनुसार बुधबार साढे ५ बजे पूर्वपश्चिम राजमार्गअन्तरगत कमल गाउँपालिका-५ स्थित गीता पेट्रोल पम्प अगाडि पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ क २१२ नम्बरको टिपरले साइकलयात्रीलाई ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको हो।
मृतकको शव पोस्टमार्टमका लागि दमक अस्पताल पठाएको र टिपरसहित चालक मकवानपुर चुरेमाई नगरपालिका-५ बस्ने ३१ वर्षीय सुजन वाइबालाई प्रहरी चौकी केर्खाले नियन्त्रणमा लिएको छ।

## प्रदेश...

छ। पीसीआर र एन्टीजेन परीक्षण अत्यन्तै न्यून छ। उनले भनिन्, 'परीक्षण न्यून हुँदा संक्रमण दर बढी देखिएको हुन सक्छ। मास्क नलगाउने, सेनिटाइजर प्रयोग नगर्ने र भीडभाडबाट टाढा रहने चलन हराएसँगै कोरोना संक्रमण दर बढेको पाइएको छ।'

मोरङ कारागारका ५४ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको थियो। तीमध्ये ५१ जना निको भएर कारागार फर्किसकेका कारागार प्रमुख तुलसी भगतले बताए। उनका अनुसार अन्य संक्रमितको कोसी कोभिड अस्पतालका उपचार भइरहेको छ।

मोरङमा कोरोना संक्रमण बढ्न थालेसँगै प्रमुख नाका जोगवनीमा हेल्थ डेस्क राखेर शंकास्पदको तापक्रम चेक गर्दै प्रवेश गर्नेलाई मास्क अनिवार्य लगाउन आग्रह गरिएको मोरङका प्रहरी प्रमुख एसपी शान्तिराज कोइरालाले बताए।

## पैनीले बगाउँदा बालकको मृत्यु



झापा , साउन ११ । मोरङको सुन्दरहरैचा नगरपालिका-४ का हरि खड्काका ५ बर्षीय छोरा प्रदिप खड्काको पैनीले बगाएर मृत्यु भएको छ। बुधबार बिहान साढे ९ बजेको समयमा घर छेउमा रहेको पैनीले बालकलाई बगाएर लैजाँदै गरेको देखेर स्थानीयवासीले तत्काल उद्धार गरी उपचारको लागि बेदान्त अस्पताल ईटहरी लगेकोमा उपचारको क्रममा मृत्यु भएको हो। घटनाको जानकारी प्राप्त भएसंगै ईलाका प्रहरी कार्यालय बेलवारीबाट प्रहरी टोली खटिगई घटना सम्बन्धमा अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ।

## पौडी खेल्ने क्रममा डुबेर मृत्यु

झापा , साउन ११ । झापाको बुद्धशान्ति गाउँपालिका-६मा पौडी खेल्ने क्रममा एक बालकको डुबेर मृत्यु भएको छ।
मंगलबार दिउँसो बुद्धशान्ति-४ का चन्द्र मावोका १२ बर्षीय छोरा इचिहाङ मावोको कुलोको पानीमा पौडी खेल्ने क्रममा अचानक पानीमा डुबेर मृत्यु भएको हो। मृतक बालकको शवलाई पोष्टमार्टमको लागि मेची अस्पताल पठाएको र घटना सम्बन्धमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट अन्य थप अनुसन्धान भईरहेको जनाइएको छ।






## सवारी दुर्घटना एकजनाको मृत्यु

झापा, साउन ११ । मोरङको बेलबारी नगरपालिका-८ पूर्व-पश्चिम राजमार्गमा बुधबार बिहान भएको सवारी दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ।
बिहान ७ बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बा ११ च २४५८ नम्बरको कार सडकमा रोकेर राखेको को १ ख ८००४ नम्बरको ट्रकमा अचानक ठोक्किँदा कार चालक बेलवारी-१ का २२ बर्षीय संदिप लामिछाने र कारमा सवार दमक-४ का १४ बर्षीय राजु बराईली घाईते भएका थिए। घाईते दुवैजनालाई उपचारको लागि बेलवारी अस्पताल पठाईएको र बराईलीलाई थप उपचारको लागि नोबेल अस्पताल बिराटनगर पठाएकोमा उपचारको क्रममा बराईलीको मृत्यु भएको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।


### पोलीसी पेपर हराम्यो-

पथरीशनिश्चरे-५ निवासी सोनीदेवी चौधरी (थारु)को नामको ६००००९५८१ नम्बरको एलआईसी कम्पनीको पोलीसी पेपर हसन्दहबाट पथरी जाँदा २०७९/०२/३१ गते हराएको हुंदा भेटनुहुने महानुभावले नजिकको प्रहरी चौकी तथा तलको ठेगानामा सम्पर्क गर्नु होला।

सम्पर्क :
सोम्नीदेवी चौधरी (थारु)
ठेगानाः पथरीशनिश्चरे-५
मो : ९८१७३८४४५७







## मेचीसहित चार अस्पताललाई आधुनिक एम्बुलेन्स




झापा, साउन ११ । प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले आधुनिक स्वास्थ्य सामग्रीयन्त्र जडान भएको चार थान एम्बुलेन्स चार अस्पताललाई हस्तान्तरण गरेका छन् ।
स्वास्थ्य मन्त्रालय प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा आयोजित कार्यक्रममा उक्त एम्बुलेन्स हस्तान्तरण गरिएको हो। प्रदेश सरकारले स्वास्थ्य तथा विपद् आपत्कालीन अवस्थामा नागरिकको उपचारमा सहज पहुँचका लागि स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत उक्त एम्बुलेन्स भन्सार छुटसहित प्रतिथान रु ५९ लाख ५० हजारमा खरिद गरेको हो। सरकारको स्वास्थ्य नीतिअनुसार १४ जिल्ला अस्पतालमा १४ थान एम्बुलेन्स र १४ थान शवबाहन उपलब्ध गराउने कार्यक्रमअन्तर्गत पहिलो चरणमा उक्त एम्बुलेन्स प्रदान गरिएको हो। मुख्यमन्त्री राईले उक्त एम्बुलेन्सको चाबी इनरुवा जिल्ला अस्पताल सुनसरी, उदयपुर जिल्ला अस्पताल उदयपुर, मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर उर्लाबारी मोरङ र मेची अस्पताल भापाका मेडिकल सुपरिटेन्डेन्ट क्रमशः डा.देवराज घिमिरे, डा.मुकेश झा, डा.रवि साह र डा.टंकप्रसाद बाराकोटीलाई हस्तान्तरण गरेका थिए। मुख्यमन्त्री राईले सरकारले जनतालाई गुणस्तरीय एवं सर्वसुलभरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने दायित्वअनुसार एम्बुलेन्सको व्यवस्था गरेको बताए। उनले जनतालाई आफ्नो घरठाउँमा स्वास्थ्य सेवा उपलब्ध गराउन नयाँ स्वास्थ्य केन्द्र स्थापित गर्ने र भएका अस्पतालको स्तरोन्नति गर्न क्रियाशील रहेको धारणा राखे। उनले अस्पताललाई आवश्यक पर्ने दक्ष जनशक्तिको कमी हुन नदिन करारमा नियुक्ति गर्ने प्रक्रियाको थालनी गरिएको जानकारी दिँदै दुर्गम तथा हिमाली क्षेत्रमा आगामी दिनमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि दक्ष चिकित्सक व्यवस्था गर्ने बताए। मुख्यमन्त्री राईले स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने बताउँदै गर्भवती र सुत्केरीलाई निःशुल्क उपचारका लागि बजेटको व्यवस्था गरिएको जानकारी दिए। स्वास्थ्यमन्त्री जयराम यादवले वर्तमान सरकार नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउन क्रियाशील रहेको बताए। स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख शम्भु साह, मन्त्रालयका सचिव अनोज भट्टचनले चाँडै दोस्रो चरणमा थप पाँच जिल्ला अस्पताललाई एम्बुलेन्स उपलब्ध गराउने जानकारी दिए।


### आठराई त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ

### दुई पाङग्रे सवारी साधन (मोटरसाइकल) खरिद गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः२०७९/०४/१२)

यस कार्यालयको लागि आवश्यक दुई पाङग्रे सवारी साधन (मोटरसाइकल) ३ (तीन) थान सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन,२०७३) को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सो को अधिकारिक विक्रेताहरु बिचमा मात्र प्रतिस्पर्धा गराउने विधि (क्याटलग सपिङ्ग) बाट खरिद गर्ने निर्णय भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा सो को अधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter वा Authorization र आ.ब २०७७/७८ को कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) अनुसार देहाय बमोजिमको सवारी साधनको आधरिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) औ दिन भित्र कार्यालय समयमा यस आठराई त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ्गमा शिलबन्दी प्रस्तावदर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । Technical Specification गाउँपालिकाको वेवसाईसट बाट प्राप्त गर्न सक्नुहुनेछ ।

तपशिलः

| क्र.सं | खरिद गर्नुपर्ने मालसामानको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | दुई पाङ्गे सवारी साधन (मोटरसाइकल) | Air cooled four stroke gasoline engine with engine displacement of minimum 185cc developing power and torque not less than 15 PS and 15 N -m respectively at the governed RPM. | ३ | संक्षिप्त विवरणमा उल्लेख नभएका विषयहरु स्वीकृत Technical Specification बमोजिम हुने |

आठराई त्रिवेणी गाउँपालिका
हाङपाङ, ताप्लेजुङ्ग



## बिर्तामोड नगरपालिका

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना**




सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । साथै २०७९ भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको पहिलो त्रैमासिक किस्ता २०७९ आश्विन महिनामा र आश्विन र कात्तिक महिनामा नविकरण गर्ने लाभग्राहीहरुको पहिलो किस्ता मंसिरमा मात्र निकासा हुने हुँदा असोज महिनामै भत्ता लिनका लागी २०७९ भाद्र मसान्त भित्रै नविकरण गरिसक्नु हुन जानकारी गराइन्छ । बालबालिका, पूर्ण अपाङ्गता, ९० वर्षमाथीका लाभग्राहीहरुको हकमा संरक्षक र आफै उपस्थित हुन नसक्नेको हकमा नेपाल मेडिकल काउन्सिल (NMC Register) डक्टरले प्रमाणित गरेको पत्र मार्फत संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**आवश्यक कागजातहरु**

- नागरिकता प्रमाण पत्रको फोटोकपी
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी

**बिर्तामोड नगरपालिका**
**राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखा**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### मूल्यबृद्धिको विकल्प देऊ

देशमा महँगी अचाक्ली बढेको छ । मूल्यवृद्धिबाट जनता ब्याकुल बनेका छन् ।

खाना पकाउने ग्यासको सिलिन्डर ,डिजेल र पेट्रोलको मूल्य बढेको छ । डिजेलमा भएको मूल्यवृद्धिले सार्वजनिक यातायातको भाडादेखि सामान ढुवानीको भाडा बढ्ने भएकाले अन्य क्षेत्रमा पनि महंगी बढेको छ । यसै पनि नियन्त्रणबाहिर गएको बजार मूल्य, कालोबजारी र महंगीले सर्वसाधारण आजित भएका थिए । त्यसैमाथि थपिएको मूल्यवृद्धिले नागरिक निसास्सिएका छन् ।

अवगतै भएको कुरा हो, बढ्दो इन्धन आयातले नेपालको व्यापार घाटा चुलिएको छ । महंगोमा किनेर सस्तोमा बेच्दा नेपाल आयल नियम निरन्तर घाटामा गएको छ । भारतीय आयल कम्पनीलाई तिर्नका लागि समेत निगमले सापटी लिनुपर्ने अवस्था छ । यसका बावजुद नियमले इन्धनको आपूर्ति नियमित गरिरहेकोमा धन्यवाद नैं भन्नुपर्छ । श्रीलंकामा जस्तो आपूर्ति व्यवस्था खल्बलिनु भन्दा मूल्यवृद्धि गरेरै भए पनि आपूर्ति सहज गर्नु सरकारको दायित्व हो । सँगसँगै विपन्न वर्गका नागरिकलाई परेको मर्का सम्बोधन गर्नु पनि सरकारको कर्तव्य हो ।

यसरी मूल्यवृद्धि गर्दा न्यून आय भएका र गरीबीको रेखामुनि रहेका नागरिकको बारेमा सरकारले आँखा चिम्म गर्न मिल्दैन ।

संविधानले समाजवादउन्मुख भनेको देशमा नाफा कमाउन खोलिएका पाँचतारे होटलले प्रयोग गर्ने र त्यो होटलमा काम गर्ने मामुली कर्मचारीले प्रयोग गर्ने ग्यास सिलिन्डरको मूल्य एउटै हुनु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हो ।

वृद्धभत्ताको उमेर ६५ वर्षमा झार्ने तयारी भइरहेको समयमा न्यून आय भएका नागरिकलाई राहत दिने विषयमा सरकारले केही न केही विकल्प खोज्नुपर्छ ।

विगतमा पनि बहस भएको यो विषय सम्बोधनका लागि निगमले सर्वसाधारणको प्रयोग र व्यावसायिक प्रयोगका लागि भनेर फरक सिलिन्डरको व्यवस्था गरेको थियो । निर्णय भएर ग्यास उद्योगीहरूले दुई थरी सिलिन्डर बनाए पनि त्यो प्रचलनमा आउन सकेन । व्यावसायिक प्रयोजनको ग्यासका लागि छुट्टै व्यवस्था गरी सर्वसाधारणका लागि सहुलियत दिने व्यवस्था सरकारले अविलम्ब गर्न जरुरी छ । खाना पकाउने ग्यासको विकल्पमा विद्युतीय चुल्हो प्रयोगमा सरकारले विशेष अभियान चलाउनुपर्छ । मूल्यवृद्धिलाई मात्र समाधान नदेखी अन्य विकल्पको




# सोच बदलौँ



• डा.अतीन्द्र दाहाल

देशमा संघीयता र गणतन्त्रात्मक व्यवस्थाको औपचारिक अभ्यासले एक चक्र पूरा गरेको छ । संविधानसभाबाट निर्मित संविधानअनुसारको प्रशासनिक पुनर्संरचनापछि देश दोस्रो पटकको निर्वाचनको सँघारमा छ । हालसालै ७५३ अधिकार सम्पन्न स्थानीय तहमा निर्वाचन सम्पन्न भयो। त्यहाँ सरकार चुनिएर नागरिक सेवामा खटिदैछन्। अब चाँडै प्रदेश र संघमा पनि निर्वाचन हुँदैछ । यसरी हुने नयाँ निर्वाचनसँग देश अनि नागरिकका अनेकन आशा गाँसिएका हुन्छन् । आर्थिक विकास , समद्धि र राष्ट्र निर्माणका सपना जोडिन्छन् । पूर्वाधारको विस्तार , सामाजिक सदभाव , नैतिक मान्यताका पुर्नताजगीकरण अनि नागरिक प्रधानताजस्ता प्राथमिकताको खोजी अपेक्षित बन्छ । यद्यपि यहीबेला अखबारीय लेखन अनि सार्वजनिक छलफलबाट केही विद्वान्हरू एवं नेतागणको समूह संघीयतालाई देशको चुनौती र जोखिमको रूपमा केलाउन व्यस्त छन् । संघीयता खारेजीको मागलाई राजनीतिक विषय बनाउने अभ्यास व्याप्त हुँदैछ । संघीयतामा चुनौती नै नदेखिएको होइन तर संशय एकदमै न्यून र सम्भावनाको बहारचाहिँ अधिक छ ।

न्यून संशय , अधिक सम्भावना

नयाँ संरचनामा प्रतिनिधिका क्षेत्राधिकार र प्रतिनिधिले हेर्नुपर्ने नागरिकको औसत संख्या पहिलेभन्दा निकै बढी छ । धेरै क्षेत्रफल भएका निकाय बनेका छन् । प्रदेश र स्थानीय तहमाथि आर्थिक आत्मनिर्भरताको चुनौती छँदैछ । यद्यपि केन्द्रीय सरकारका अधिक दायित्व प्रदेश र स्थानीय तहमा हस्तान्तरणपछि विकास सहज हुन्छ । दैनिक प्रशासनिक अनि दीर्घकालीन विकासका हरेक विषयमा स्थानीय नेतृत्वको प्रमुख भूमिका रहन्छ । प्रदेशले त्यसको समन्वय अनि निरीक्षण गर्छ । सबै प्रदेशका सरकारको इच्छा आफ्नो प्रदेशलाई नमुना बनाउने हुन सक्छ । संघीयता मार्फत गाउँ/गाउँमा सरकारहरू पुगेकाले ती सरकारहरूले बढी काम गर्न र नागरिक हितमा खटिन सक्छन् । प्रदेश र स्थानीय सरकारहरूले विकासको रफ्तारलाई सुनिश्चित गर्नुपर्छ । कृषिको औद्योगिकरणसहित रोजगारी वितरणमा स्वदेशीलाई प्राथमिकता दिनुपर्छ । व्यावसायिक सोच र रोजगारी अभिमुखीकरणमा ज्ञान दिनुपर्छ। स्वदेशी वस्तुको उपभोगमा जोड दिँदै श्रमको सम्मान गर्न सिकाउनु पर्छ। विभिन्न प्रकारका कलकारखानाहरू तीव्र गतिमा खोल्नुपर्छ । सबैमा उत्पादनमूलक सोच बढाउनुपर्छ । विदेशमा रहेकाहरूको ज्ञान , सीप र कमाईलाई मुलुकमा फिर्ता ल्याउन सक्नुपर्छ ।

मकाउ , बहमास , अरूवा र माल्दिभ्सलगायत देशहरू पर्यटनबाट समृद्ध भएका छन्। पर्यटन हाम्रो विकासको पनि मुख्य आधार बन्न सक्छ । कुटिल प्रयास र विशेष प्रतिभा खन्याउनुपर्छ। अमेरिका र फ्रान्स विश्वभर खाद्यान्न बजार निर्माण गर्दैछन्। हामीले पनि कृषि तथा पशुपालनको वैज्ञानिकीकरण र व्यावसायीकरण रोज्नुपर्छ। हामीलाई कृषि र पर्यटन व्यवसाय माटो, समय, पुँजी र दक्षतासमेत सुदाउँदो छ । बहुमूल्य खनिजको उत्खनन् र उपभोगमा जोड दिनुपर्छ। स्थानीय सरकार यस्ता सम्भावनाको खोजी, विकास र विस्तार गर्ने सबैभन्दा सुहाउँदो हुनुपर्छ। गरिबी निराकरण, रोजगारी निर्माण अनि व्यापार प्रवर्द्धनमा प्रदेश सरकारले समन्वय गर्नुपर्छ। अबको केही दशकपछि पेट्रोलियम समाप्तिसँगै देखिने ऊर्जाको विश्व्यापी चरम संकट टार्नलाई हामीले विद्युत् ऊर्जा बेच्न सक्नुपर्छ। इमानदारीपूर्वक काम गर्दा पाँच वर्षमा प्रत्येक स्थानीय तहले विशाल फड्को मार्न सक्छ । आर्थिक , भौतिक , प्राविधिक , कानुनी तथा सांस्कृतिक रूपले निर्भर बन्न सक्छ । सबै स्थानीय तहमा सम्भव भएसम्मको औद्योगिकीकरण र हरेक कुरामा व्यवसायीकरण सुरू हुन सक्छ । विकास निर्माणमा तीव्रता देखिनेछ । तसर्थ, सरोकारवालाले यसलाई सफल बनाउने उपाय सुझाउनु र सघाउनुपर्छ । सम्भावना खोज्नुपर्छ , दायित्व बोक्नुपर्छ ।

बोक्नुपर्ने दायित्व

यस्ता अनेकन अचुक सम्भावनाबीच परिवर्तनलाई स्वीकार्नु सट्टा नकारात्मक अवधारणाहरू फैलाउनु किन्चित हितकर हँदैन। खासगरी राजनीतिक विश्लेषण या आर्थिक मुद्दामा कलम चलाउने सिद्धहस्त विद्वत्हरूको यस्तो पूर्वाग्रह छ । संघीयता नटिक्ने र यसले देशलाई कङ्गाल बनाउने भन्ने दुराग्रहलाई अतिरन्जित प्रशय दिँइदैछ । वौद्धिक चरित्रसमेत गाली लेखनबाट अभिप्रेरित देखिन्छ । सकारात्मक सोच अभिवृद्धि गर्ने, नागरिकमा उत्प्रेरणा भर्ने , देश प्रगतिउन्मुख भएको समाचार विचरणमा सहयोगी भूमिका खेल्नु पर्ने दायित्वबाट विद्वत् समूह चुक्दैछ। नकारात्मक विश्लेषण अनि विरोध गरेरै आफ्नो सामर्थ्य र उचाइ साबित गर्न खोज्ने कृतिम अनि अनुत्पादक बौद्धिकता प्रदर्शनले यदाकदा केही लेखनलाई नराम्ररी डस्दैछ । संसारका विभिन्न देशमा छोटो समयमा नै चमत्कारिक उपलब्धि भएका छन्। स्रोत र सम्पदाका हिसाबले हामी संसारका धेरै देशभन्दा अनन्य मात्रामा प्रचुर र भाग्यमानी छौँ । आपसी समझदारी सुदृढ भएमा समृद्धि सम्भव छ भन्ने सन्देश सबैले दिए नागरिक उत्साहको उचाइ अझै घनिभूत हुन्छ । लेखक विला कार्थरको पुस्तक ‘द प्रोफेसरस हाउस’मा विद्वान्हरूलाई अति सहयोगी र सकारात्मक व्यक्तित्व देखाइएको छ। थुप्रै संख्यामा अमेरिकी तटका विद्वान्हरूबाट मङ्गल ग्रहमा मानव बस्ती बसाउन र बेलायती क्षेत्रका विद्वान्हरू समस्त युरोपको आर्थिक पुनरजागरणलाई बलियो गराउनलाई चिन्तन गरिरहेको भन्ने अनुसन्धान पनि बाहिरिएका छन्। सन् २००६ मा कोलम्बिया विश्वविद्यालयले गरेको रिसर्च ‘प्रोफिसिङ प्यासन’को निष्कर्षअनुसार विद्वान्हरू सहयोगी र सकारात्मक भएको देशमा विकासको रफ्तार राम्रो रहन्छ। जर्मनीका केही विद्वान्को संख्या ज्ञानको खोजमा नयाँ क्षितिज केलाउन व्यस्त छ। पूर्वीय दर्शनमा ज्ञानको विशाल भण्डार सिर्जना गरेका शास्त्रीय दार्शनिक कौटिल्य तत्कालीन सरकारलाई निरन्तर सहयोग गर्नुहुन्थ्यो । केवल धेरै मन्त्री र संसद्लाई तलबभत्ता दिनु परकैले देश डुबिहाल्ने बताउँदा ती सबैले देशका लागि एकदमै उदाहरणीय अनि अनुकरणीय काम गरेमा देशले कति ठूलो सकारात्मक फड्को मार्छ भन्ने सोच हाम्रा विद्वत्हरूमा कहाँ हरायो ? नागरिकले कसरी सघाउने भन्ने किन आएन ? सानो मुलुक भएकै कारण संघीयता अफापसिद्ध हुन्छ भन्ने हुँदैन। क्रमश ९, १६, २६ र ७ संघहरू भएका अस्ट्रिया, पलाउ, स्विजरल्यान्ड र युनाइटेड अरब इमिरेटस पनि संघीयता भएका नेपालभन्दा साना देशहरू हुन्। अब संघीयताका चुनौतीको चर्चा गरेर नागरिकमा निराशा भर्ने समय होइन। हामीले संघीयतालाई अङ्गीकार गरिसकेका कारण यसलाई सफल पार्ने अनेकन र हरेक तरिकालाई उजागर गर्नु, प्रशिक्षण चलाउनु, सचेतना भर्नु अनि सबैलाई उत्साहित राख्नुचाहिँ विद्वत्हरूको दायित्व हो। बौद्धिक समाजसमेत प्रतिक्रियात्मक मात्र नभई सम्भावनालाई आत्मसात् गर्दै नागरिकबीच सकारात्मक सन्देश दिनेमा सहयोगी हुनुपर्छ। सरकारले सोचेका उपलब्धि हासिल गर्न कसरी सम्भव छ अनि नागरिकले कस्तो सहयोग गर्नुपर्छ भन्नेमा कलम चलाउँदै समाजलाई नयाँ मोड दिनुपर्छ। सरकारको विरोधी होइन, सहयोगी बन्नुपर्छ। हैसियत र क्षमताका आधारमा ती योजनालाई सम्भाव्य बनाउन तयार हुनुपर्छ।

विडम्बना, अधिकांश समय नेतृत्वले केही नगरेको भनेर निरन्तर उग्र रोष प्रकट गर्ने बौद्धिक दस्ता, सरकारले केही गर्छौं भन्दा पनि सकारात्मक हुन नसक्नु अनि ती कार्यक्रमलाई सार्थक बनाउन सघाउने खालका सल्लाह नदिई आलोचनात्मक टिप्पणीमा मात्रै रमाउनु चाहिँ बौद्धिकताको दुरुपयोग र दुर्घटना हो। विद्वान्हरूले सरकारलाई समृद्धिका सिद्धहस्त सोच, योजना र सहयोगसमेतले नयाँ ऊर्जा दिनुपर्छ। जहिल्यै पनि केवल गाली र नकारात्मक टिप्पणी गर्नु बौद्धिकताको कसी किमार्थ हुन सक्दैन। तसर्थ संघीयता असफल हुने कारण होइन, सफल बनाउने उपाय सोचौँ। त्यसलाई कार्यान्वयन गर्न सुझाऔँ र सघाऔँ। यसले बौद्धिकताको सही अर्थ दिनेछ। संघीयता बदलेर फेरि संविधान गिजोल्नेतिर होइन, सोच बदलेर यसलाई सफल बनाउनेतिर सबै लाग्नुपर्छ।

# विद्यार्थीलाई दण्ड सजाय



• पविता मुडभरी पुडासैनी



केही समयअघि ललितपुरको एक विद्यालयका शिक्षकले कक्षा पाँचमा पढ्ने ११ वर्षीय विद्यार्थीलाई निर्घात कुटपिट गरेको घटना बाहिरियो । पीडकलाई सजाय गर्न अभिभावक विद्यालय पुगे पनि विद्यार्थीलाई १२ कक्षासम्म निःशुल्क पढाइदिने सर्तमा घटना सामसुम बनाइयो । निजी विद्यालयमा नियुक्त गरिने अनुशासन इञ्चार्ज अर्थात् डीआई भन्ने वित्तिकै विद्यार्थी थर्थर भए पनि डीआईको आँखा छलेर विद्यार्थीबाट सामान्य गल्ती बदमासी भइरहेका हुन्छन् । यसैको निहुँमा विद्यालयका डीआईले सामान्य गल्तीमा पनि कठोर दण्ड सजाय र चरम यातना दिएका घटना बारम्बार बाहिरिइरहेका छन् । लाजिम्पाटको एक कलेजका विद्यार्थी डीआईले दिएको यातना सहन नसकेर आत्महत्या गरेको घटना बाहिरियो । सबैजसो निजी विद्यालयले डीआई नियुक्त गरी विद्यार्थीलाई तर्साउने वा दण्ड सजाय दिने कार्यले विद्यार्थीमा शारीरिक मात्र नभई मानसिक असरसमेत परेको देख्न सकिन्छ । केही वर्ष अघिसम्म डीआईको काम प्रधानाध्यापकले नै गर्दथे । प्रधानाध्यापकले विद्यालयको चौरमा विद्यार्थीलाई लाइन लगाएर वा आफ्नै कार्यकक्षमा बोलाएर निलडाम बस्ने गरी विद्यार्थीलाई हिर्काउनसम्म हिर्काउँथे । हाल केही अभिभावकको विरोधको आवाज विद्यालयसम्म पुग्न थालेपछि भने निजी विद्यालयका प्रधानाध्यापकले शिक्षकमध्येका खाइलाग्दा र जाइलाग्दा व्यक्तिलाई डीआईको पद र पावर थमाउने गरेका छन् ।

विद्यार्थीलाई कडा अनुशासनमा राखेर आफूलाई सफल प्रधानाध्यापकका रूपमा चिनाउन डीआईमार्फत डण्डा चलाउने कार्य सबैजसो निजी विद्यालयमा छ । डीआईले केही विद्यार्थीलाई सजाय दिँदा अन्य विद्यार्थीसमेत आत्तिएका, डराएका र विद्यालय जानै मन नगरेका घटना कैयौँ छन् तापनि यो गम्भीर विषयप्रति सरोकारवालाको चासो देखिँदैन । त्यसैले त डीआईका दादागिरी देशभरका निजी विद्यालयमा फैलिरहेको छ । सीपमुखी र व्यावहारिकभन्दा ज्ञान तथा परीक्षामुखी शिक्षण प्रणाली नै यसको प्रमुख कारण हो । विद्यालय र अभिभावकको अस्वाभाविक अपेक्षाले समेत यसैलाई मलजल गरिरहेको छ । विद्यार्थीले दण्ड सजाय पाउनुमा डीआई र शिक्षकलाई मात्र दोष दिएर अरूले उन्मुक्तिको सास फेर्न मिल्दैन । विद्यालयमा हरेकजसो दिन अभिभावकहरू लौन मेरो बच्चाले घरमा कसैलाई टेर्दैन पढ्दैन तपाईंहरूले नै तह लगाइदिनु पर्‍यो भन्दै पुग्ने गरेका छन् । विद्यालयमा घोकन्ते शैलीका सिकाइमा विद्यार्थीको ध्यान खिच्न कम कठिन कहाँ छ र ? डीआईले दिएका मानसिक पीडा र तनावकै कारण कतिपय बालबालिका अनेक बहाना बनाएर विद्यालय नगएका तथ्य धेरै छन् जुन बाहिर आएकै छैनन् । एक दिन डीआई विद्यालयमा अनुपस्थित हुँदा विद्यार्थी खुसीले गद्गद् भएका यथार्थले डीआईको दादागिरी छर्लङ्गिन्छ । सामान्य गल्तीमा पनि डीआईले विद्यार्थीलाई कुटेर घाइते बनाएका घटना यत्रतत्र छन् । बालबालिकालाई प्रकृतिबाट अलग गर्दा उनीहरू अप्राकृतिक र उच्छृंखल बन्छन् । एउटै किताब एउटै कक्षामा महिनौँ पढ्दा विद्यार्थीहरूलाई पढ्ने उत्साह घट्दै गएको यथार्थ बुझेर विद्यालयहरूले सिकाइका तौर तरिका अवलम्बन गर्नुपर्ने हो ।

परीक्षामा विद्यार्थीको उच्च नतिजा देखाएर आफ्नो शैक्षिक व्यवसायलाई फलिफाल बनाउन विद्यार्थीलाई अनुशासनमा राखेर तर्साएर पढाउन विद्यालयहरूले डीआईमार्फत डण्डा चलाउने प्रवृत्ति पछिल्ला दिनमा झन् बढेको छ । विद्यालय वा परिवारको साथभन्दा बाहिरतिरको वातावरण वा एकान्तबास मन पराउने हालका अधिकांश बालबालिकाका भिन्न सामाजिक मनोविज्ञान र व्यवहारले समेत सिकाइमा ध्यान कम र उच्छृंखल क्रियाकलापतिरको संलग्नता बढ्ने अवस्था छ । कोरोना संक्रमणका कारण लामो समय पढ्न नपाएका बालबालिका गलत प्रवृत्तिको सिकार हुँदा सिकाइको स्तर खस्किरहेको अवस्थामा लामो समयपछि विद्यालय पसेका बालबालिकालाई डण्डा नचलाइ विद्यार्थीले पढ्नै मन नगरेका गुनासा शिक्षकहरूबाटै आइरहन्छन् । जसका कारण प्राथमिक तहकै साना साना लाखौँ बालबालिकासमेत मानसिक सन्तुलन नै गुमाउने गरी दण्ड सजाय भोगिरहेका देखिन्छन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षण संस्थालाई सुधार्न हामी बनाउँछौँ हाम्रो विद्यालय अभियानमा लाग्न काठमाडौँ महानगरपालिकाका नगरप्रमुख बालेन्द्र शाहलाई आग्रह गर्नुभएको छ । शिक्षामा गुणस्तर उकास्न सर्वप्रथम विद्यालयको वातावरण विद्यार्थीमैत्री हुनु आवश्यक छ । विद्यार्थीलाई विद्यालय जाउँ जाउँ, सिकौँ सिकौँ लाग्ने वातावरण बनाउने मुख्य भूमिका प्रधानाध्यापकको हुन्छ । शिक्षक र विद्यार्थीका हरेक सिकाइ क्रियाकलापहरूको मध्यस्थता गराउने काम प्रधानाध्यापककै हो । सक्षम प्रधानाध्यापकले नै विद्यालयको वातावरण समयानुकूल शिक्षण र सिकाइमैत्री बनाउने भएकाले बडो सुझबुझका साथ प्रधानाध्यापकको नियुक्ति गर्नुपर्छ । सकारात्मक व्यवहार र बोली वचनले विद्यार्थीको सिक्ने क्षमतालाई प्रधानाध्यापकसँगै शिक्षकले उकास्नुपर्छ । निश्चित उमेर पुगेपछि आफ्नै खुट्टामा उभिएर आत्मनिर्भर हुनसक्ने शिक्षा आजको खाँचो हो ।

हाम्रो शिक्षा प्रणालीको कमजोरी पहिल्याउँदै जीवनोपयोगी र रोजगारमूलक शिक्षा अपनाउन सकिएको छैन । विद्यार्थीलाई केही नयाँ नयाँ कुरा सिकौँ भन्ने खालको शिक्षाको व्यवस्था किन गर्दैन सरकारले ? अब हामीले शास्त्रको ज्ञान दिने होइन सीप सिकाउने शिक्षा व्यवस्था आजको खाँचो हो । हामीले ठेलीका ठेली किताबी ज्ञानभन्दा जीवन जीउन आवश्यक सामान्य तर प्रखर सीप विद्यालय तहदेखि नै सिक्दै सिकाउँदै लैजान आवश्यक छ । साँच्चै भविष्यमा जीवन जीउनसक्ने सीपमूलक शिक्षा भएको भए गाउँका विद्यार्थी सहर पस्नु पर्दैनथ्यो । ग्रामीण क्षेत्रमै खपत हुने सीपहरू सिलाइ बुनाई, डोको नाम्लो, राडी पाखी, चकटी ढक्की, कोठा सजाउने कागज तथा कपडाका खेलौना र सजावटका सामग्रीहरू विद्यार्थीलाई सिकाएर प्रशस्तै बनाउन लगाउने र विद्यालयबाटै व्यापारीले बजारमा पुर्‍याउने व्यवस्था गर्न सके शिक्षण सिकाइ प्रणालीमा आउने परिवर्तनले विद्यार्थी पनि सिक्न उत्साहित हुन्छन् । उत्पादनमूलक शिक्षाले राज्यलाई समेत आर्थिक उन्नतिमा सहयोग पुग्दछ । यस्तो सिकाइमा कुनै डर, धम्कीबिना नै विद्यार्थीहरू सिकाइमा उत्प्रेरित हुन्छन् ।

विद्यार्थीले आफ्नै प्रयासबाट धेरै कुरा सिक्न सक्छन् । भाषिक सीप बालबालिकाका लागि पहिलो आवश्यकता हो त्यसपछि प्रविधिमूलक सीप र तेस्रो जीवनोपयोगी सीप जुन सीप जीवनयापनको माध्यम बनोस् । भाषिक सीपअन्तर्गत अङ्ग्रेजी र नेपाली भाषामा राम्रोसँग बोल्न लेख्न पढ्न र अभिव्यक्ति प्रकट गर्न सक्षम बनाउनुपर्छ । भाषा सामाजिकरणको पहिलो आवश्यकता भएकाले भाषा शिक्षामा शैक्षिक संस्थाहरूले विशेष जोड दिनुपर्छ । आजको युग प्रविधिको युग भएकाले प्रविधि चलाउन र प्रयोग गर्न सिकाउनु पर्छ । पाँच कक्षादेखि नै कुनै न कुनै सीपमूलक सिकाइ कक्षाका विद्यार्थीलाई रुचिअनुसार समूह बनाएर दुई वटा कक्षाका विद्यार्थीलाई एकै ठाउँमा राखेर सिकाउन सकिन्छ । व्यावसायिक शिक्षा सहरमा भन्दा गाउँमा अझ फस्टाउन सक्छ । गाउँमा त्यत्तिकै फ्याकिने मकैको खोस्टाबाट बनाइएको रङ्गरोकनसहितको सुन्दर चकटी हामी सहर बजार पुर्‍याएर पाँच सयदेखि पाँच हजारसम्म बेच्न सक्छौँ भने विद्यालयहरूमा अन्य सीपमूलक सिकाइका क्षेत्र कति फराकिलो होला ? गाउँका खाली जग्गा जमिन सस्तोमा भाडामा लिएर देशको समृद्धि व्यावसायिक कृषिको अभियानमा आधारभूत तहदेखिकै विद्यार्थीलाई क्रमशः संलग्न गराउनसके गाउँमै उत्पादनसँगै रोजगारीसमेत बढ्न सक्छ । शिक्षण कार्य स्वयं नै कला र सीपको संयोजन पनि भएकाले बालबालिकालाई पनि सीपमूलक व्यवसायको सुरुवात शिक्षालयबाटै गर्न सकिन्छ । यसका साथै सीपमूलक शिक्षालाई अझ प्रखर बनाउन विद्यार्थी तथा शिक्षकले सूचना तथा सञ्चारका विभिन्न साधनको प्रयोग गरी सीप सिकाइ क्रियाकलाप सञ्चालन गर्ने बानी बसाल्नुपर्छ ।

# ‘फिफाले कारवाही गर्छ भन्ने भ्रम नपारिदिनुस’



झापा , साउन ११ । अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्व विदेश विभाग प्रमुख गौरव थापाले आफ्नो आगमनसँगै एन्फालाई फिफाले कारवाही गर्छ भन्ने भ्रममा नपारिदिन अनुरोध गरेका छन् ।
पछिल्लो समय मिडिया र एन्फाका पदाधिकारीहरूबाट आफूले नियुक्तिका लागि दबाब दिएको भन्ने चर्चा चलाउन गलत भएको उनले बताएका छन् । एन्फामा विदेश विभाग प्रमुख भएर काम गरिसकेका गौरवलाई पछिल्लो समय एन्फाको उप-महासचिवमा नियुक्त गर्ने एन्फाको योजना थियो । गौरवलाई नियुक्ति गर्ने र विदेश विभाग प्रमुख नविन पाण्डेलाई बर्खास्त गर्ने विषयलाई लिएर अहिले एन्फा कार्यसमिति बैठक अन्योलमा छ ।
‘पछिल्ला दिनहरुमा यदि मलाई एन्फामा नियुक्त गरिएमा फिफा र एएफसीले अस्वीकार गर्छ भन्ने जस्ता नकारात्मक, भ्रामक र प्रायोजितखबरहरु नियमित रुपमा प्रवाह गरिइरहेकोमा मेरो ध्यानाकर्षण भएको छ । यो सफेद झुठ र प्रायोजित रुपमा चलाइएको प्रोपोगान्डा मात्र हो,’ थापाले लेखेका छन्, ‘वर्तमान अध्यक्ष र महासचिवले गत महिना फिफा र एएफसीमा पटक पटक सम्पर्क गरेर यो विषयमा स्पष्टता खोजेको मेरो जानकारीमा छ । उहाँहरु सबैलाई मेरो नियुक्तिमा फिफा र एएफसीलाई कुनै समस्या नरहेको प्रष्ट पारिइसकेको छ ।’ थापाले आफूले सन् २०१३ देखि २०१८ को बीचमा पटक-पटक एन्फामा काम गरेको र पछिल्लो पटक सन् २०१७ मा नरेन्द्र श्रेष्ठ अध्यक्ष हुँदा अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुखको रुपमा काम गरेको बताए । उनले फिफा र एएफसीको म्याच कमिस्नरको काम पनि गरेको बताउँदै उनले आफूसँग क्षमता भएकै कारण एन्फाका अध्यक्ष र महासचिवले पदमा आउन आग्रह गरेको तर, अहिले बिभिन्न भ्रामक सूचना प्रवाह गर्न थालेकोले दुःख लागेको बताए ।
‘फिफा र एएफसीलाई अमान्य हुने गरि मैले एन्फामा कुनै पनि भूमिका चाहेको छैन । मैले कहिल्यै पनि एन्फामा कुनै पदका लागि कसैलाई अनुरोध वा दबाब दिएको छैन । बरु वर्तमान अध्यक्ष र महासचिवले नै उहाँहरुलाई सहयोग गर्न भनेर मेरो नाम प्रस्ताव गर्नुभएको हो,’ थापाले विज्ञप्तिमा लेखेका छन्, ‘वर्तमान अध्यक्ष, महासचिव र कार्यसमितिका पदाधिकारी र सदस्यहरुसँग मेरो यस विषयमा छलफल भएको छ । उहाँहरुले प्रत्येक पटक बजारमा प्रचार गरिएजस्तो कुनै समस्या नरहेको बताउँदै आउनुभएको छ ।’

# हाइड्रोपावरको ड्याममा महिलाको शव फेला



झापा , साउन ११ । अपर सोलु हाइड्रोपावरको ड्यामसाईटमा एक महिलाको शव फेला परेको छ ।
सोलु दुधकुण्ड नगरपालिका-७ को साल्मेको ड्यामसाईटमा सडेको अवस्थामा महिलाको शव भेटिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सुनिलजंग शाहले जानकारी दिए। हाइड्रोपावरका कर्मचारीहरुले खोलामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलतर्फ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट प्रहरी निरीक्षक रामकिशोर शाहसहितको टोली पुगेको छ । करिब एक महिनाअघि सोलु दुधकुण्ड नगरपालिका-४ बाट बेपत्ता भएकी रंगे विश्वकर्माकी श्रीमती शशिकला राईको हुनसक्ने डिएसपी शाहले बताए । तर यकिन भने हुन बाँकी रहेको छ ।

# बिर्तामोडका महिलालाई कौशी तरकारी खेती तालिम



बिर्तामोड(प्रस) । बिर्तामोडमा कौशी तरकारी खेती तालिम सम्पन्न भएको छ ।
वडा नम्बर १को कार्यालयमा सोमबारदेखि आयोजना गरिएको २ दिने तालिम मंगलबार सम्पन्न भएको हो । बिर्तामोड नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा महिला उद्यमी संघ नेपालले आयोजना गरेको तालिममा वडा नम्बर १का विभिन्न टोल विकास संस्थाबाट ३० जनाले सहभागिता जनाएका थिए । सहभागीहरुलाई पट,बक्स तथा ग्रो व्यागको तयारी, बिरुवा रोप्ने तरिका, कौशी खेतीका लागि आवश्यक सामग्री, प्रयोग गर्ने विधि, विरुवाको हेरचाह, मलखाद दिने तरिका, काँटछाँट गर्ने तरिकालगायतका बारेमा जानकारी गराइएको आयोजक संस्थाकी अध्यक्ष नैनकला भट्टराईले जानकारी दिइन् ।
तालिमका सहभागीहरुलाई हजारी ३० थान, ग्रो व्याग ७० थान, निमको विषादी ३० थान, फेरोमिन ट्र्याक ३० थान, पहेलो पासो ३० थान, सिड ट्रे, स्प्रे र गड्यौला मल १० किलोका दरले प्रदान गरिएको छ । तालिममा बिर्तामोड नगरपालिकाका कृषि शाखा प्रमुख राजेन्द्रप्रसाद कडरिया, कृषि प्राविधिक अनु मोते, सुजित शाह र विषय विज्ञ विमल तामाङले प्रशिक्षण दिएका थिए ।
तालिम समापन कार्यक्रममा बोल्दै वडा नम्बर १ का वडाध्यक्ष तथा बिर्तामोड नगरपालिकाका प्रवक्ता अग्निप्रसाद पाण्डेले सिकेको सीपलाई सदुपयोग गर्न आग्रह गरे । कौशी खेतीबाट तरकारीमा लाग्ने खर्चमा धेरै कटौती हुने बताउँदै उनले तालिम उपलब्धिमुलक बन्नेमा विश्वास व्यक्त गरे । तालिम समापन कार्यक्रममा महिला उद्यमी संघ नेपालकी संस्थापक अध्यक्ष गोमा भट्टराई, वर्तमान अध्यक्ष नैनकला भट्टराईलगायतले बोलेका थिए ।

# अवैध लत्ताकपडा र खाद्यान्न बरामद



झापा , साउन ११ । मोरङको बिराटनगर महानगरपालिका-१६ दरैयाबाट अवैध लत्ताकपडा र खाद्यान्न प्रहरीले बरामद गरेको छ ।
मंगलबार बेलुका साढे ७ बजे विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा अवैधरुपमा भन्सार छली गरी नेपालतर्फ आउँदै गरेको मे.१च २२८६ नम्वरको मारुती भेनमा करिव ५ लाख १३ हजार ७ सय मूल्य बराबरको विभिन्न किसिमका लत्ताकपडा र खाद्यान्नसहित नियन्त्रणमा लिएको छ भने ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ स्थित रानी बसपार्कबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउदै गरेको ७६ बजार ९ सय बराबरको खाद्यान्न र विभिन्न किसिमका कपडा बरामद गरेको छ ।

झापा जिल्ला सहकारी संघ लि.
भद्रपुर-५, झापा

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/ ११

यस झापा जिल्ला सहकारी संघलाई देहाय बमोजिमको कर्मचारी आवश्यक भएकाले तपशिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट आवेदनको माग गरिएको छ ।

तपशिल

पदः- कार्यालय सहयोगी
पद संख्याः- १ जना (महिला)
तहः- चतुर्थ
तलवः- संघको नियम अनुसार
उमेरः- १८ वर्ष पुरा भई ४० ननाघेको
योग्यताः- SEE/SLC वा सो सरह
कार्य गर्ने स्थान : संघको बिर्तामोड कार्यालय
निवेदन दिने अन्तिम मिति :- २०७९/०४/१७ गते कार्यालय समयभित्र
निवेदन दस्तुरः- रु.२००।- फिर्ता नहुने गरी
निवेदन बुझाउने स्थान :-सघंको बिर्तामोड कार्यालय (पुरानो ईलाम स्टेण्ड)
छनोटको विधि : मौखिक अन्तर्वार्ता
आवश्यक कागजातः- हस्तलिखित निवेदन, पासपोर्ट साईजको फोटो, नागरिकताको प्रतिलिपि ।
नोट : स्थानीयलाई प्राथमिकता दिईने छ ।
सम्पर्क नं.- ०२३-५३६६८५ , ९८४४६०६८९२

कर्मचारी पदपूर्ति
उप-समिति

# नग्न फोटोसुट : रणवीर सिंहविरुद्ध उजुरी दर्ता



झापा , साउन ११ । मंगलबार मुम्बईको चेम्बुर पुलिस स्टेशनमा अभिनेता रणवीर सिंहविरुद्ध एफआईआर दर्ता गरिएको छ । समाचार एजेन्सी पीटीआईका अनुसार सामाजिक सञ्जालमा नग्न तस्बिरहरू पोस्ट गरेकोमा मुद्दा दर्ता गरिएको अधिकारीहरूले बताएका छन् । पुलिसले आईपीसीको धारा २९२, २९३ (अश्लील सामग्रीसँग सम्बन्धित धाराहरू) र धारा ५०९ (महिलाको मर्यादालाई अपमान गर्न प्रयोग गरिने शब्द वा इशाराहरू) अन्तर्गत मुद्दा दर्ता गरेको छ । एक एनजीओले सोमबार चेम्बुर प्रहरी चौकीमा उजुरी दिएको थियो । सामाजिक सञ्जालमा पोष्ट गरिएका तस्विरले महिलाको भावनामा चोट पुर्‍याएको र इज्जतमा ठेस पुगेको उल्लेख छ । जुलाई २२ मा रणवीरका केही नग्न तस्बिरहरू सामाजिक सञ्जालमा आएका थिए । यी तस्बिरहरू द पेपर म्यागजिनको लागि गरिएको फोटोसुटको अंश हुन् । सामाजिक सञ्जालमा धेरैले यसको प्रशंसा गरिरहेका छन् भने धेरैले यसलाई अश्लील पनि भनेका छन् ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
**वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
**विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** विद्या र वुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष** घरपरिवारका सदस्यहरूबाट सहयोग पाइनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।

**मिथुन** रमणीय र सुखद यात्राको योग छ । सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ ।

**कर्कट** आज कार्य सम्पादनमा समस्या आउला । यात्रामा मालसामान हराउन सक्छ ।

**सिंह** मन अध्यात्मतर्फ आकर्षित बन्नेछ । कसैकसैका लागि सन्तान प्राप्तिको योग छ

**कन्या** सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**तुला** आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । सुखद् एवं धार्मिक

**वृश्चिक** मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

**धनु** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । नजिकैको व्यक्तिबाट सहयोग मिल्नेछ ।

**मकर** रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । रमाइलो यात्राको योग छ ।

**कुम्भ** मित्रबाट विशेष सहयोग मिल्नेछ । परिवारका सदस्यहरूसित भेटघाट हुनेछ ।

**मिन** महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । माया प्रेममा समस्या बढ्न सक्छ ।